# प्रेस विज्ञप्ति

नगरपालिका तथा गाँउ विकास समितिको क्षेत्रमा सौर्य सडक वत्ति जडान गरी रात्रीको समयमा समेत आर्थिक कृयाकलाप सञ्चालन गर्न सक्ने वातावरण सृजना गर्ने, आवागमनलाई सहज, सरल र सुगम बनाउदै सुरक्षामा सहयोग प्रदान गर्ने, नवीकरणीय उर्जाको प्रयोगबाट वर्तमानमा परेको विद्युतीय भार घटाउने, स्थानीय निकायहरुको सडक वत्ति महसुल भारलाई कम गर्दै जाने, समुदायमा आधारित सडक बत्ति कार्यक्रमको माध्यमबाट समुदायको अपनत्व वोध गराउदै जाने र सहर तथा नगरउन्मुख क्षेत्रको सौन्दर्यता प्रवर्द्धन गर्ने उद्देश्य अनुरुप कार्य गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) ले मिति २०७२ साल माघ ८ गतेको निर्णयबाट **"जनसहभागितामा आधारित सौर्य सडक बत्ति कार्यक्रम"** को कार्यविधि स्वीकृत गरेको छ । यस कार्यविधि अनुरुप चालु आर्थिक वर्षमा नेपाल सरकारबाट आवश्यक रकम विनियोजन व्यवस्था मिलाइने छ । यस कार्यक्रम कार्यान्वयनबाट राष्ट्रिय प्रसारण लाइनबाट सञ्चालित ह्वेलोजिन बत्ति, सि.एफ.एल. ल्याम्प, भ्यापर ल्याम्प लगायतका वत्तिलाई सौर्य सडक बत्तिको माध्यमबाट क्रमशः प्रतिस्थापन गर्दै जानेछ ।

यो कार्यक्रम स्थानीय आवश्यकताको आधारमा माग भएका सबै जिल्लामा चरणवद्ध रुपमा कार्यान्वयन गरिनेछ । महानगरपालिका क्षेत्रमा नेपाल सरकारबाट ६० प्रतिशत, स्थानीय निकायबाट २५ प्रतिशत, उपभोक्ताबाट १५ प्रतिशत र महानगरपालिका वाहेकको अन्य स्थानीय निकायहरुको हकमा नेपाल सरकारबाट ६५ प्रतिशत, स्थानीय निकायबाट २० प्रतिशत, उपभोक्ताबाट १५ प्रतिशत लागत व्यहोर्ने गरी कार्यक्रम सञ्चालन हुनेछ । अति विपन्न बस्तीको हकमा नेपाल सकारबाट ७० प्रतिशत, स्थानीय निकायबाट २० प्रतिशत र उपभोक्ताबाट १० प्रतिशत लागत सहभागिता रहनेछ । यदि संस्थागत योगदानमा कार्यक्रम सञ्चालन हुने भएमा नेपाल सरकारबाट ७० प्रतिशत र संस्थागत योगदान ३० प्रतिशत लगानीमा कार्यक्रम सञ्चालन हुनेछ ।

कार्यक्रमको समन्वय, सहजीकरण तथा मार्गदर्शन गर्न केन्द्रमा संघीय मामिला तथा स्थानीय विकास मन्त्री वा निजले तोकेको राज्य मन्त्री वा सहायक मन्त्री संयोजक रहने गरी १३ सदस्यीय केन्द्रीय कार्यक्रम समन्वय समिति गठन गरिएको छ । कार्यक्रम सञ्चालन गर्दा प्राविधिक पक्षमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र नवीकरणीय उर्जा परीक्षण केन्द्रबाट आवश्यक सहयोग र समन्वय गर्ने ब्यवस्था मिलाइएको छ । स्वीकृत कार्यविधि अनुरुप सौर्य सडक बत्ति जडान गर्ने कार्यमा सरोकारवाला सबै निकाय, स्थानीय उपभोक्ता, नागरिक समाज लगायत सबैको सक्रिय सहयोग, समन्वय र सहकार्यका लागि मन्त्रालय हार्दिक अपिल गर्दछ ।

पत्रकार सम्मेलनका अवसरमा माननीय उपप्रधान मन्त्री एमव् संघीय मामिला तथा स्थानीय विकास मन्त्री श्री कमल थापाज्यूले जनसहभागितामा आधारित सौर्य सडक बत्ति कार्यक्रमको वारेमा प्रकाश पार्नु भयो । उक्त अवसरमा यो कार्यक्रम र अन्य समसामयिक विषयमा पत्रकारहरुबाट उठाएको जिज्ञासाका सम्वन्धमा [redacted] माननीय मन्त्रीज्यू र मन्त्रालयका अन्य पदाधिकारी तथा पत्रकारहरु बीचमा अन्तरक्रिया समेत भएको थियो । यस अवसरमा माननीय राज्य मन्त्री, सहायक मन्त्री, सचिव, सह सचिवहरु तथा अन्य पदाधिकारीहरुको समेत उपस्थिति रहेको थियो ।

पूर्णचन्द्र भट्टराई
प्रवक्ता/सह सचिव
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार
२०७२।१०।१७ गते आइतवार